# चौविसे गाउँपालिकाको छात्रवृत्ति वितरण कार्यविधि, २०८२

स्वीकृत मितिः २०८२/०९/१८

चौविसे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राजारानी, धनकुटा, कोशी प्रदेश, नेपाल।

## चौविसे गाउँपालिका छात्रवृत्ति वितरण कार्यविधि, २०८२

**प्रस्तावनाः** चौविसे गाउँपालिका अन्तर्गतका विपन्न तथा जेहन्दार बालबालिकाहरुको शैक्षिक पहुँच सुनिश्चित गर्न गुणस्तरीय शिक्षा प्रदान गर्न, स्थानीय स्तरमा दक्ष प्रविधिक जनशक्ति उत्पादन गरी समुन्नत गाउँपालिका निर्माण गर्ने उद्देश्यले विद्यालय स्तरमा वा उच्च तहमा अध्ययनरत बालबालिकाहरुलाई छात्रवृत्ति वितरण कार्यलाई व्यवस्थित, पारदर्शी बनाउन आवश्यक भएकोले नेपालको संविधानको अनुसूची -८ को अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) ज. (१६) मा रहेको निशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कार्य चौबिसे गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७५ मा भएको व्यवस्थालाई व्यवस्थित बनाउन वान्छनीय भएकोले,
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरी लागू गरिएको छ।

### १. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम **'चौविसे गाउँपालिकाको छात्रवृत्ति वितरण कार्यविधि, २०८२'** रहने छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

### २. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) **'कार्यालय'** भन्नाले चौविसे गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(ख) **'छनौटका आधार'** भन्नाले दफा ८, र अनुसूची २ बमोजिमको आधार भन्ने सम्झनु पर्दछ।

(ग) **'सहयोग कार्यक्रम'** भन्नाले अनुसूची ३ बमोजिम उपलब्ध गरिने रकम बुझ्नु पर्दछ।

(घ) **'विज्ञान विषय'** भन्नाले संकायमा अध्ययन गर्ने विषयलाई सम्झनु पर्दछ।

(ङ) **'होटल मेनेजमेन्ट'** भन्नालें होटल मेनेजमेन्ट संकायमा अध्ययनलाई सम्झनु पर्दछ।

(च) **'शिक्षा शास्त्र'** भन्नानले शिक्षा संकायमा अध्ययनलाई बुझाउनु पर्दछ।

(छ) **'प्राविधिक शिक्षा'** भन्नले कक्षा ९ देखि १२ सम्म प्रदान गरिने सम्पूर्ण प्रविधिक विषयहरुलाई वा सो सरहको शिक्षालाई सम्झानु पर्दछ।

(ज) **'विद्यालय शिक्षा'** भन्नले प्रारम्भिक बालविकास देखि कक्षा १२ सम्मको शिक्षालाई सम्झनु पर्दछ।

(झ) **'उच्च शिक्षा'** भन्नले विश्वविद्यालय वा सो सरहको शिक्षा भन्ने सम्झनु पर्दछ।

### ३. छात्रवृत्ति व्यवस्थापन तथा वितिरण समितिः (१) छात्रवृत्ति व्यवस्थापन तथा वितरण गर्न देहाय बमोजिमको एक छात्रवृत्ति व्यवस्थापन तथा वितरण समिति रहनेछः-

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | संयोजक |
| (ख) सामाजिक विकास समिति संयोजाक | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (घ) शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

## ४. छात्रवृत्ति व्यवस्थापन तथा वितरण समितिको काम कर्तव्य र अधिकारः

(१) छात्रवृत्ति व्यवस्थापन तथा वितरण समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:

(क) छात्रवृत्तिको लागि आवश्यक रकम व्यवस्थापन तथा विनियोजन गर्न प्रस्ताव गर्ने,

(ख) छात्रवृत्ति वितिरणको लागि सुचना प्रकाशन गर्न निर्णय गर्ने,

(ग) सूचना प्रकाशन पश्चात प्राप्त आवेदनहरुको रुजु गर्ने,

(घ) छात्रवृत्ति प्राप्त गर्न योग्य विद्यार्थीहरु छनौट गर्ने,

(ङ) छात्रवृत्तिमा छनौट भएका विद्यार्थीहरुको खातामा छात्रवृत्ति रकम निकासाका लागि सिफारिस गर्ने ।

## ५. छात्रवृत्तिमा विद्यार्थी छनौट प्रक्रियाः

(१) छात्रवृत्तमा विद्यार्थी छनौटका लागि देहायको प्रक्रिया अपनाइनेछः-

(क) कम्तिमा १५ दिनको समय राखेर गाउँपालिकाले छात्रवृत्तिको लागि सार्वजनिक रुपमा सुचना प्रकाशन गर्नेछ ।

(ख) तोकिएको समयभित्र छात्रवृत्तिका लागि अनुसूची (१) बमोजिमको ढाँचामा आवेदन पेश गर्नुपर्नेछ ।

(ग) निवेदकले आवेदनको साथमा अनिवार्य रुपमा निम्न बमोजिमको कागजातहरु संलग्न राखी पेश गर्नु पर्नेछ ।

(अ) विद्यार्थिले निवेदनको साथमा नागरिकता वा जन्मदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(आ) सम्बन्धित संस्थामा अध्ययन गर्दै गरेको प्रमाणित सिफरिस पत्र,

(इ) सम्बन्धित वडा कार्यालयले विपन्न तथा जेहन्दार र स्थायी बासिन्दा भएको सिफारिस पत्र,

(ई) कक्षा ९ र १० को हकमा कक्षा ८ को, कक्षा ११ र १२ को हकमा कक्षा ८ र १० को र स्नातक तहको हकमा कक्षा ८, १० र १२ को मार्कलेजरको प्रमाणित प्रतिलिपि पत्र,

(ऋ) दुई प्रति पासपोर्ट साईजको फोटो ।

## ६. छात्रवृतिको लागि योग्य हुन सक्नेः

(क) चौविसे गाउँपालिका भित्र स्थायी बसोबास भएको आमावुबाबाट जन्म भएको बालबालिका,

(ख) २.४ र सो भन्दा बढी GPA प्राप्त गरेको विद्यार्थी,

(ग) आमा बुवा सरकारी सेवामा संलग्न नभएको एकाघरको बालबालिका,

(घ) विद्यालयमा ७५ प्रतिशत वा सो भन्दा उच्च उपस्थिति भएको बालबालिका,

## ७. छात्रवृतिको लागि योग्य हुन नसक्नेः

(१) तपसिको योग्यता नभएको व्यक्ति छात्रवृत्तिको लागि योग्य हनु सक्ने छैनः-

(क) चौविसे गाउँपालिका भित्र स्थायी बसोबास नभएको आमावुबाबाट जन्म भएको बालबालिका,

(ख) २.४ भन्दा कम GPA प्राप्त गरेको विद्यार्थी,

(ग) आमा बुवा सरकारी जागिर भएको एकाघरको बालबालिका,

(घ) विद्यालयमा ७५ प्रतिशत भन्दा न्यन उपस्थिति भएको बालबालिका,

(ङ) म्याद समाप्त भएपछि आवेदन पेश हन आएमा,

(२) उपदफा १ को (ग) मा जुनसुकै कुरा उल्लेख भएता पनि प्रथम पटक सूचना आह्वान गर्दा कुनै आवेदन नपरेमा दोस्रो पटक सूचना आह्वान गरिनेछ । तत्तपश्चात निवेदन प्राप्त भएमा गाउँपालिका अन्तर्गतका शैक्षिक संस्थामा मात्र अध्ययन गर्न पाउने गरी छात्रवृत्ति प्रदान गर्न बाधापर्ने छैन ।

८. छनौटका आधारहरुः

(क) छात्रवृत्तिका लागि अनुसूची २ को आधारमा छात्रवृत्ति व्यवस्थापन तथा वितरण समितिले छनौट गर्नेछ।

(ख) छात्रवृत्ति प्राप्त गर्न न्युनतम ६० अङ्क प्राप्त गरेको हुनु पर्नेछ।

(ग) छात्रवृत्तिको लागि छनौट भएका विद्यार्थीहरुको नामावली गाउँ कार्यपालिकाको कार्यालयले वेइबसाइटमा प्रकाशन गर्नेछ।

९. भुक्तानी दिने रकमः छात्रवृत्ति रकम अनुसूची ३ बमोजिम उपलब्ध गराइने छ।

१०. भुक्तानी दिन सक्नेः गाउँ कार्यपालिकाले निम्न प्रमाणको आधारमा भुक्तानी दिन सक्नेछः-

(क) छात्रवृत्तिको लागि छनौट भएको विद्यार्थी अध्ययनरत संस्थाले हालसम्म निरन्तर रुपमा अध्ययन गरिरहेको सिफरिस पत्र,

(ख) विद्यालयमा ७५ प्रतिशत वा सो भन्दा बढि नियमित उपस्थित भएको सिफारिस पत्र,

(ग) विद्यार्थीको नाममा रहेको बैंक चेकको प्रतिलिपि,

(घ) अनुसूची ४ बमोजिमको आवेदन साथमा माथि उल्लेखित प्रमाण पत्र पेश गर्नु पर्नेछ।

११. भुक्तानी वा छात्रवृत्ति रोक्का हुन सक्नेः

(१) यस कार्यविधिको दफा ६ र दफा १० को (क) र (ख) मा भएको व्यवस्थामा कूनै झुटो विवरण पेश गरेको पाइएमा उक्त कार्य गर्ने शैक्षिक संस्था र विद्यार्थीलाई गाउँ कार्यपालिकाबाट प्रदान गरिने छात्रवृत्ति वा अन्य सेवा सुविधा रोक्का गर्न सक्नेछ।

१२. खारेजी र बचाउः हालसम्म भुक्तानी भएका सबै प्रकारका छात्रवृत्ति यसै कार्यविधि बमोजिम भुक्तानी भएको मानिनेछ।

१३. बाधा अड्काउ फुकाउने अधिकार : यस कार्यविधिमा उल्लिखित कुनै कुरामा द्विविधा वा कुनै बाधा अड्काउ उत्पन्न भएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

## अनुसूची १

दफा ५ को उपदफा ५.१ खण्ड (ख) संग सम्बन्धीत

**आवेदन फाराम**

फोटा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
चौविसे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,
राजारानी, धनकुटा ।

**विषयः छात्रवृत्तिका लागि आवेद पेश गरेको सम्बन्धमा ।**

प्रस्तुत विषयमा त्यस कार्यालयको च.नं. ......मिति २०....../...../...... गतेको सूचना अनुसार आफु योग्य भएको हुँदा यो आवेदन पेश गरेको छु ।

१. अध्ययन गरिरहेको शैक्षिक संस्थाको नाम र ठेगानाः

२. अध्ययन गरिरहेको तह र कक्षाः

३. व्यक्तिगत विवरणः

| | | | |
|---|---|---|---|
| आवेदकको नाम, थर | देवनागरीमाः | | |
| | अंग्रेजी ठुलो अक्षरमाः | | लिङ्गः |
| स्थायी ठेगानाः | जिल्लाः | गाउँपालिकाः | वडा नं. |
| | टोलः | घर नं. | |
| पत्राचार गर्ने ठेगानाः | | | इमेल |
| बाबुको नाम, थरः | | आमाको नाम, थरः | |
| बाजेको नाम, थर | | अभिभावकको नाम, थरः | |
| जन्म मितिः | वि.सं.माः | ई.सं.माः | |
| बुवा आमाको पेशाः | | | |
| आमा बुबाको अवस्थाः | आमा बुबा भएकोः ☐ | बुबा नभएकोः ☐ | आमा नभएकोः ☐ |

४ शैक्षिक योग्यता सम्बन्धी विवरणः

| क्र.स. | अध्ययन गरेको शैक्षिक संस्था | उतीर्ण गरेको | | | कुल प्राप्ताङ्क GPA मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | परीक्षा | साल | श्रेणी | | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

५. आवेदन फारामको साथ प्रमाणित प्रतिलिपि ठिक छ भनी भनी दस्तखत गरी थान .................... यसै आवेदनको साथ मिति.........................मा पेश गरेको छु ।

६. यस आवेदनमा उल्लेख गरिएका सम्पूर्ण विवरण सत्य छन् । झुटो ठहरिएमा कानुन बमोजिम सहुँला बुझाउँला ।

औँठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

**निवेदकको:**
नाम, थरः
हस्ताक्षरः
मितिः

**प्रमाणित गर्नेः**
नाम,थरः
हस्ताक्षरः
मितिः

फोटो

अनुसूची २

दफा ८ संग सम्बन्धित

**छनौटका आधारहरु**

**नामः** **कक्षाः** **संकायः**

**शैक्षिक संस्थाको नामः**

खण्ड (क) विषय र शैक्षिक उपलब्धिको आधारमा मूल्याङ्कन (६० अङ्क)

| क्र.सं. | विद्यालय तह तथा उच्च तहमा अध्ययनरत विद्यार्थीहरुको सम्बन्धित तह प्रवेश कक्षा -८, १० र -१२ को सिकाइ उपलब्धिः | | | | | | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १.उपलब्धि | 4 GPA | 3.6 GPA | 3.2 GPA | 2.8 GPA | 2.4 GPA | | | |
| प्राप्ताङ्क | ४० | ३० | २० | १५ | १० | | | |
| २. अध्ययन गरेको विषय | प्रविधिक शिक्षा | विज्ञान संकाय | होटल व्यवस्थापन | व्यवस्थापन संकाय | शिक्षा संकाय | मानविकि संकाय | | |
| प्राप्ताङ्क | २० | १६ | १२ | १० | ८ | ६ | | |

खण्ड (ख) अन्य क्षेत्रः ४० अङ्क

| क्र.स. | मूल्याङ्कनका आधारहरु | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| **१** | **तल्लो तहमा अध्ययन गरेको विद्यालय** | **१०** | | |
| क. | सामुदायिक विद्यालय | १० | | |
| ख. | सस्थागत विद्यालय | ८ | | |
| **२** | **पारिवारिक अवस्था** | **२०** | | |
| क. | बुबा आमा दुवै नभएको | २० | | |
| ख. | बुबा नभएको आमा भएको | १५ | | |
| ग. | बुबा भएको आमा नभएको | १२ | | |
| घ. | बुवा आमा भएको | ८ | | |
| **३** | **परिवारको आम्दानीको स्रोत** | **१०** | | |
| क. | कृषि तथा पशुपालन | १० | | |
| ख. | वैदेशिक रोजगारी | ८ | | |
| ग. | व्यापार तथा व्यवसाय | ६ | | |
| | जम्मा | | | |

खण्ड (क) को जम्मा प्राप्ताङ्कः अंकमा ............... अक्षरमा ..........................

खण्ड (ख) को प्राप्ताङकः अंकमा ............... अक्षरमा ..............................

जम्मा प्राप्ताङ्कः अंकमा ............... अक्षरमा ...............................

मूल्याङ्कन कर्ताः
नामः
पदः
हस्ताक्षरः
मितिः

मूल्याङ्कन कर्ताः
नामः
पदः
हस्ताक्षरः
मितिः

मूल्याङ्कन कर्ताः
नामः
पदः
हस्ताक्षरः
मितिः

फोटा

**अनुसूची २**

दफा ८ संग सम्बन्धित

**छनौटका आधारहरु**

**नामः** **कक्षाः** **संकायः**

**शैक्षिक संस्थाको नामः**

खण्ड (क) विषय र शैक्षिक उपलब्धिको आधारमा मूल्याङ्कन (६० अङ्क)

| क्र.सं. | विद्यालय तह तथा उच्च तहमा अध्ययनरत विद्यार्थींहरुको सम्बन्धित तह प्रवेश कक्षा -८, १० र -१२ को सिकाइ उपलब्धिः | | | | | | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १.उपलब्धि | 4 GPA | 3.6 GPA | 3.2 GPA | 2.8 GPA | 2.4 GPA | | | |
| प्राप्ताङ्क | ४० | ३० | २० | १५ | १० | | | |
| २. अध्ययन गरेको विषय | प्रविधिक शिक्षा | विज्ञान संकाय | होटल व्यवस्थापन | व्यवस्थापन संकाय | शिक्षा संकाय | मानविकि संकाय | | |
| प्राप्ताङ्क | २० | १६ | १२ | १० | ८ | ६ | | |

खण्ड (ख) अन्य क्षेत्रः ४० अङ्क

| क्र.स. | मूल्याङ्कनका आधारहरु | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | **तल्लो तहमा अध्ययन गरेको विद्यालय** | १० | | |
| क. | सामुदायिक विद्यालय | १० | | |
| ख. | सस्थागत विद्यालय | ८ | | |
| २ | **पारिवारिक अवस्था** | २० | | |
| क. | बुबा आमा दुवै नभएको | २० | | |
| ख. | बुबा नभएको आमा भएको | १५ | | |
| ग. | बुबा भएको आमा नभएको | १२ | | |
| घ. | बुवा आमा भएको | ८ | | |
| ३ | **परिवारको आम्दानीको स्रोत** | १० | | |
| क. | कृषि तथा पशुपालन | १० | | |
| ख. | वैदेशिक रोजगारी | ८ | | |
| ग. | व्यापार तथा व्यवसाय | ६ | | |
| | जम्मा | | | |

खण्ड (क) को जम्मा प्राप्ताङ्कः अंकमा ............... अक्षरमा ..........................

खण्ड (ख) को प्राप्ताडंकः अंकमा ............... अक्षरमा ...............................

जम्मा प्राप्ताङ्कः अंकमा ............... अक्षरमा ...............................

मूल्याङ्कन कर्ताः
नामः
पदः
हस्ताक्षरः
मितिः

मूल्याङ्कन कर्ताः
नामः
पदः
हस्ताक्षरः
मितिः

मूल्याङ्कन कर्ताः
नामः
पदः
हस्ताक्षरः
मितिः

अनुसूची-३

दफा ९ संग सम्बन्धीत

छात्रवृत्ति रकम

| क्र.सं. | संकाय वा विषय | तह | इकाइ | छात्रवृत्ति रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य सेवा | H.A./BSc nursing | प्रति वर्ष | १,००,०००/- | |
| २ | स्वास्थ्य सेवा | B Farmacy | प्रति वर्ष | १,००,०००/- | |
| ३ | साधारण विज्ञान | I.Sc | प्रति वर्ष | ३०,०००/- | |
| ४ | इन्जिनियरिङ | इलेक्ट्रिकल | प्रति वर्ष | १०,०००/- | |
| ५ | प्रविधिक धार | सिभिल इ. कक्षा ९-१२ | प्रति वर्ष | १८,०००/- | |
| ६ | व्यवस्थापन संकाय | कक्षा ११ र १२ | प्रति वर्ष | ४०,०००/- | |
| ७ | शिक्षा शाष्त्र संकाय | कक्षा ११ र १२ | प्रति वर्ष | १०,०००/- | |
| ८ | मानविकी संकाय | कक्षा ११ र १२ | प्रति वर्ष | १०,०००/- | |

## अनुसूची ४

### दफा दफा १० को उपदफ (घ) संग सम्बन्धित

भुक्तानी निवेदन

विषयः छात्रवृत्ति रकम निकासा सम्बन्धमा ।

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,

चौविसे गाउँपालिका, गाउँपालिकाको कार्यालय, राजारानी, धनकुटा ।

प्रस्तुत विषयमा शैक्षिक सत्र .....................मा ..............................................अध्ययनरत म .............................................. यस चौविसे गाउँपालिकाको च.नं. ....... मिति ..........................को पत्रानुसार आफु विपन्न तथा जेहन्दार छत्रवृत्तिको लागि छनौट भएको हुदाँ उक्त छत्रावृत्ति रकम निकासा गरिदिनुहुन सादर अनुरोध गर्दछु ।

आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न राखी पेश गरेको व्यहोरा अवगत गर्दछु ।

**निवेदकः**

नामः

कक्षाः

हस्ताक्षरः

मितिः